नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

**रविभवन, कालिमाटी, काठमाडौं**

## सम्पर्क अधिकृत अनुस्थापन तालिमको दरखास्त आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०५/१३**

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम पर्वतारोहण टोलीका साथ खटिने सम्पर्क अधिकृत अनुस्थापन तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको संयुक्त सहकार्यमा मिति २०८२ भाद्र २२ गते देखि भाद्र २८ गतेसम्म बिहान ७: ०० बजे देखि यस प्रतिष्ठानमा सञ्चालन हुने भएकोले तालिममा सहभागी हुन इच्छुक पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ८ को उपनियम (१) को खण्ड (क) बमोजिमका निजामती सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो श्रेणीका कर्मचारी, खण्ड (ख) बमोजिमका निजामती सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत सरहका नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरीका अधिकृत कर्मचारी तथा खण्ड (ग) बमोजिमका सगरमाथा आरोहीले तपशिलका योग्यताका प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी तथा विभागीय सिफारिस र तालिम शुल्क रु.५१००/- (पाँच हजार एक सय रुपैँया मात्र) यस प्रतिष्ठानको नाममा रहेको सिटिजन बैंक इन्टरनेशनल लि.मा रहेको चल्ती खाता नं. ०११०१०००००३६२०१ (सिटिजन बैंकको जुनसुकै शाखा) वा प्रतिष्ठान हाता भित्र रहेको सिटिजन बैंक इन्टरनेशनल लि. को Extension Counter मा शुल्क जम्मा गरेको भौचर सहित मिति २०८२ भाद्र १९ गते भित्र आवेदन फाराम भरी यस प्रतिष्ठानमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। तालिम सम्बन्धी आवेदन फाराम प्रतिष्ठानको website: www.nathm.gov.np बाट डाउनलोड गरी वा प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ एवं अन्य जानकारीको लागि प्रतिष्ठानको योजना तथा तालिम शाखाको फोन नं ०१-५९७०६०५ मा सम्पर्क राख्न सकिनेछ।

**तपशिल :**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

२. पासपोर्ट साईजको फोटो २ प्रति।

३. स्नातक वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्र (लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र) को प्रतिलिपि।

४. सम्बन्धित मन्त्रालय / विभाग वा कार्यरत निकायको सिफारिस पत्र।

५. सगरमाथा हिमालचुलीको सफल आरोहण गरेका नेपाली आरोहीको हकमा पर्यटन विभागबाट जारी गरेको प्रमाण पत्रको प्रतिलिपि र प्रवेशिका परीक्षा उतीर्ण प्रमाणपत्रको प्रतिलिपि।

६. निजामती सेवाको कर्मचारीको रुपमा नियुक्ती लिई प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्रको प्रतिलिपि।